# स्थानिय दिसाजन्य लेदो व्यवस्थापन नीति २०७६

## १ भूमिका

नगरपालिकाको सर्बागिन र दिगो विकासको महत्वपूर्ण आधार त्यसको जनस्वास्थ्य एवं वातावरणको अवस्थाले निर्धारण गर्दछ । जनस्वास्थ्य एवं वातावरण स्वच्छताको उदेश्य प्राप्त गर्न सरसफाईको सुविधा एवं सेवाको विध्यमानता एवं त्यसमा पहूच महत्वपूर्ण हो । स्थानिय स्थरमा सरसफाई सम्बन्धि सेवा एवं सो सेवामा नागरिकको पहूच वढाउन  स्थानिय सरकारको संबिधान एवं कानून प्रदत्त अधिकार एवं कर्तब्य हो ।

त्यसैगरि संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुले मंजुर गरेको दिगो विकासका लक्ष्य ६.२ अनुसार सन् २०३० सम्ममा सरसफाईमा न्यायोचित पहूच रहेको हुनेछ भन्ने व्यवस्था भएकोमा उक्त दिगो विकासका लक्ष्य हासिल गर्न  स्थानिय सरकारको  महत्वपूर्ण भूमिका रहने कुरामा विवाद छैन । सोहि दिगो विकासका लक्ष्य प्राप्त गर्न संघिय सरकारले नीति, योजना, तथा कार्यक्रम मार्फत यी दिगो विकासका लक्ष्य लाइ हरेक तह र तप्कामा मूलप्रवाहिकरण गर्दै कार्यान्वयन गर्ने भन्ने उदेश्य रहेको छ । तसर्थ हाम्रो स्थानिय आवश्यकतालाइ सम्बोधन गर्दै संवैधानिक एवं कानूनी दायित्य पूरा गर्दै अन्तरास्ट्रीय बाचा पूरा गर्ने यो अवसर हो ।  सोहि अवसर अनुरुप स्थानीय सरकारको अधीकार प्रयोग गरि भीमदत्त नगरपालिकाको दिसाजन्य लेदो व्यवस्थापन नीतिगत मार्ग निर्देशन गर्ने किसिमले यो नीति तर्जुमा गर्न खोजिएको हो ।

## २ पृष्ठभूमि

सन् २०१३ को तथ्यांक अनुसार भीमदत्त नगरपालिकाको जनसंख्या १०४५९९ छ जसमा २०६८४ घरधुरी रहेका छन् । यस नगरपालिकामा जम्मा १९ वटा वडा रहेका छन् । यस नगरपालिकाका नगरबासीको प्रमुख पेशा कृषि एवं व्यापार व्यवसाय रहेको छ । सन् २०१७ मा खुल्ला दिसा मुक्त नगरपालिका भनि घोषणा भएको यस नगरपालिकामा अझ पनि केहि घरधुरीहरुको आफ्नै शौचालय नभएको तथ्यांकले देखाएको छ। यसको अर्थ प्राबिधिक रुपमा खुल्ला दिसा मुक्त नगरपालिकाको उदेश्य प्राप्त गरेता पनि पूर्ण सरसफाईको उदेश्य प्राप्त गर्न अझ बाकी छ ।

यस नगरपालिकामा दिसा जन्य लेदो व्यवस्थापन गर्न ढलको व्यवस्था नभएको र हालसम्म स्थलगत रुपमै दिसा जन्य लेदो व्यवस्थापन  गर्ने गरेको अवस्थामा दिसाजन्य लेदोको सफा,

सुरक्षित एवं दिगो व्यवस्थापनले मात्र नगरपालिकाको स्वास्थ्य तथा सरसफाईको उदेश्य प्राप्त गर्ने कुरा स्पस्ट छ । तसर्थ यो पृष्ठभूमिमा दिसा जन्य लेदो व्यवस्थापनका सेवा चक्रहरुमा देखा परेका चुनौती सामना गर्दै सफा, सुरक्षित एवं दिगो सरसफाईको उदेश्य प्राप्त गर्ने तर्फ विभिन्न सरोकारवालाहरु बीच नीतिगत प्रस्टता एवं प्राथमिकता तय गर्ने उदेश्यले यस भीमदत्त नगरपालिकामा यो स्थानीय दिसा जन्य लेदो व्यवस्थापन नीति २०७६ तर्जुमा गरि लागु गरिएको छ ।

**३ वर्तमान अवस्था**

सरसफाई सम्बन्धि नगरपालिकाको तयार गरिएको प्रोफाइल अनुसार सन् सन् २०१७ मा नै नगरपालिका खुल्ला दिसा मुक्त छेत्र घोसणा भैसकेको अवस्था छ जुन दिसाजन्य लेदो व्यवस्थापनको सेवा चक्रको पहिलो चरण हो ।उक्त प्रोफाइल अनुसार भण्डारणको सन्दर्भमा खुला पिध सहितको लाइन गरिएका ट्यांक ४१.४ प्रतिशत घरधुरीमा रहेको छ भने ४.५ प्रतिशतले सेप्टिक ट्यांक को प्रयोग गर्ने गरेको तथ्यांकले देखाउछ । सोहि प्रोफाइल अनुसार १६.७ प्रतिशत घरधुरीले मात्र चर्पी जडान पश्चात भण्डारण रित्याएको देखिन्छ जसको अर्थ धेरै घरधुरीहरुको चर्पीको दिसाजन्य लेदो रित्याउने कार्य गरेको छैन भन्ने बुझिन्छ । त्यसैगरि भण्डारण भएको दिसा जन्य लेदो निजि संचालकहरुबाट रित्याउने सेवा प्रदान हुदै आएको छ जसमा हाते तथा यान्त्रिक तरिकाले उक्त सेवा प्रदान गरि रहेका छन् । दिसाजन्य लेदो व्यवस्थापनको महत्वपूर्ण कडी को रुपमा रहेको प्रसोधन संयन्त्रको अभावका कारण दिसा जन्य लेदो निजि संचालकहरुले खेतबारी तथा खाल्टोमा लगी बिसर्जन गर्ने गरेको अवस्था छ ।

यसमा नीतिगत तथा कानूनी व्यवस्ता तर्फ विचार गर्दा भीमदत्त नगरपालिकाले **"भीमदत्त नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाइ कार्यविधि २०७४"** तर्जुमा गरि कार्यन्वयन गरिरहेको अवस्था छ । उक्त कार्यविधि अनुसार 'घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनुपर्ने छ ।' त्यसैगरि 'एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को छतिपुर्ती हानी पुर्याउने परिवारले तिर्नुपर्ने हुन्छ' भनि ‘प्रदुषकले भुक्तानी’ (polluter pays) गर्ने भन्ने सिदान्तलाइ कानूनी दायरामा ल्याएको अवस्था छ ।

तर दिसाजन्य लेदो व्यवस्थापनको सन्धर्भमा कुनै पनि नीतिगत एवं कार्यगत स्पष्टता नरहेको देखिन्छ । उक्त कानूनी प्रावधानको पूर्ण पालना गर्न को निम्ति पनि नीतिगत मार्गदर्शन र स्पष्टता आवस्यक पर्दछ ।

**४ नया नीतिको आवस्यकता**

माथि विवेचित पृष्ठभूमि र वर्तमान अवस्था अनुसार भीमदत्त नगरपालिकामा दिसाजन्य लेदोको सुरक्षित तथा दिगो व्यवस्थापन एउटा चुनौतीको रुपमा देखापरेको अवस्था छ । भीमदत्त नगरपालिकाले जनस्वास्थ्य तथा सरसफाई एवं वातावरण र विकासबिचको अन्योंयास्रित सम्बन्धलाइ नीतिगत, रणनैतिक एवं कार्यगत रुपमा अघि वडाउन त्यससंग सम्बन्धित तथा विविध छेत्रका कानून, नियम, कार्यविधि, मापदण्डलाइ निर्देश गर्न, नेपालको संबिधान प्रद्हत अधिकारको प्रयोग गर्न एवं स्थानीय आवस्यकताको सम्बोधन गर्न स्थानीय, प्रदेश तथा संघिय सरकार, गैरसरकारी संस्था, विकासका साझेदार, निजिछेत्र, समुदाय, शैछिक तथा अनुसन्धान सस्था विचको समन्वय र सहकारिता स्थापित गरि कार्यन्वयन गर्न नया नीतिको आवस्यकता परेको छ ।

**५ लक्ष्य**

सबै नगरबासीलाइ सफा, सुरक्षित तथा दिगो रुपमा दिसा जन्य लेदो व्यवास्थापनको सेवा तथा सुविधामा पहुच बढाई जनस्वास्थ्य, वातावरण तथा सरसफाईमा टेवा पुर्याउदै दिगो विकासको प्राप्तिलाइ सुनिस्चित गर्न ।

**६ उदेश्य**

- नगरवासिको सफा, सुरक्षीत तथा दिगो दिसाजन्य लेदो व्यवास्थापनको लक्ष्य प्राप्त गर्न दिसाजन्य लेदो व्यवास्थापन सेवा चक्रका सम्पूर्ण चरणहरु को चासोका विषयहरु नगरपालिकाको सम्बन्धित ऐन, नीति, कार्यक्रममा मुलप्रवाहीकरण गर्ने

-हरेक सरोकारवालाहरुको काम तथा कर्तब्य निर्धारण गर्दै दिसा जन्य लेदो व्यवास्थापन सेवा तथा सुविधाको प्रभाभकारी कार्यन्वयन गर्ने

-नगरवासिको सफा, सुरक्षीत तथा दिगो दिसा जन्य लेदो व्यवास्थापनको लक्ष्य प्राप्त गर्न संघिय, प्रदेश तथा स्थानीय सरकारका योजना तथा कार्यक्रमबीच समन्यव गर्ने

**७ नीतिहरु**

माथि उल्लेखित लक्ष्य तथा उदेश्यहरु पूरा गर्न निम्न वमोजिमका दिसाजन्य लेदो व्यवास्थापन सेवा चक्रका चरण एवं अन्तरसम्बन्धित विषयगत नीति, रणनीति तथा कार्यनीतिहरु अक्तियार गरिने छ ।

दिसाजन्य लेदो व्यवास्थापन सेवा चक्रका चरण सम्बन्धि नीति, रणनीति एवं कार्यनीतिहरु वमोजिमका हुनेछन ।

**७.१ संकलन (चर्पी)**

**नीति**
नगरवासीहरुमा स्तरिय, उपयोगी एवं सुरक्षीत चर्पीको पहुच भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

- घर, सरकारी, सार्बजनिक, व्यापार व्यवसायका भवन तथा कार्यालय, सार्वजनिक स्थल लगायत अन्य आवस्यक स्थानमा चर्पीको सुविधा र पहुच सुनिस्चित गरिनेछ ।

- गरिव, सिमान्तकृत, भूमिहीन, तथा अन्य आवस्यकताको आधारलाई लक्षित गरि चर्पीको पहुच बढाइने छ ।

- चर्पीको पहुच बढाउने कार्यमा संघिय, प्रदेश, स्थानीय सरकार, घरधुरी, बिकासका साझेदार, संघ सस्था, व्याबसाहिक सामाजिक उत्तरदाइत्वको माध्यम बाट निजिछेत्र संग साझेदारी गरिनेछ ।

- सार्बजनिक शौचालय निर्माण गरि संचालन गर्न स्थानीय, सामुदाइक, निजिछेत्रलाई प्रोत्शाहन गरिनेछ ।

- नगरपालिकामा अवस्थित अस्वछ (इनस्यानीटरी) चर्पीलाइ वातावरणमैत्री, उपयोगी एवं सुरक्षीत (स्यानीटरी) चर्पीमा स्तरोन्नति गर्न आवस्यक कार्यक्रम संचालन गरिनेछ ।

**७.२ भण्डारण**

**नीति**

सेप्टिक ट्यांकको निर्माण, हाल रहेका भण्डारण ट्यांकको  स्तरोन्नति गरि दिसा जन्य लेदो व्यवस्थापनमा उचित भण्डारणको व्यवस्ता गरि जनस्वास्थ्य तथा वातावरणमा पर्ने असर न्यूनीकरण गरिनेछ ।

**रणनीति तथा कार्यनीति**

- नगरपालिकामा बन्ने नया घर, भवन, तथा सम्बन्धित संरचनाहरुमा सेप्टिक ट्यांकको डीजाइन सम्बन्धि मापदण्ड निर्माण सहितामा मुलप्रवाहीकरण गरिनेछ ।

- भवन निर्माणको नक्सा पास गर्दा एवं निर्माण सम्पन्नताको प्रमाणपत्र लिने क्रममा समेत सेप्टिक ट्यांकको निर्माण मापदण्ड अनुरुप भए नभएको अनुगमन गरिनेछ ।

- पुराना घर, भवनहरुको सन्दर्भमा सेप्टिक ट्यांक स्तरोन्नति गर्न प्रोत्साहन गरिनेछ ।

- आवस्यकता र सम्भाव्यता अनुसार सामुदायिक सेप्टिक ट्यांक निर्माण गर्न प्रोत्साहन तथा आवस्यक आर्थिक एवं प्राबिधिक सहयोग गरिनेछ ।
- नगरपालिका भित्रका शौचालयको संख्या, अवस्था, भण्डारणको अवस्था, रित्याउने तथा ढुवानीको प्रक्रिया र अवस्था, प्रसोधन संयन्त्रको अवस्था, सुरक्षीत बिसर्जन को अवस्था सम्बन्धका तथ्यांक अध्यावधिक गरिनेछ ।

**७.३ रित्याउने र ढुवानी**

**नीति**

दिसाजन्य लेदोको रित्याउने र ढुवानी सम्बन्धि उचित व्यवस्था गर्दै जनस्वास्थ्य तथा वातावरणमा पर्ने असर न्यूनीकरण गरिनेछ ।

**रणनीति तथा कार्यनीति**
- दिसाजन्य लेदो रित्याउने र ढुवानीको सेवा प्रदायक संस्थालाइ हाते उपकरणको सट्टामा यान्त्रिक उपकरणको प्रयोग गर्न वाध्यकारी अवस्ता सिर्जना गरिनेछ ।

- दिसाजन्य लेदो रित्याउने र ढुवानीको सेवा प्रदान गर्ने कामदारहरुको स्वास्थ्यलाइ मध्यनजर गर्दै उक्त सेवा प्रदान गर्दा पेशागत स्वास्थ्य तथा सुरक्ष्या अपनाउन आवस्यक उपकरणको

प्रयोग बाध्यकारी गरिनेछ। सो बाध्यकारी प्राबधान पालन नगरेको अवस्थामा सेवा प्रदायक सस्था तथा कामदार दुवैलाइ जवाफदेइ बनाइनेछ।

- दिसाजन्य लेदो रित्याउने र ढुवानी सम्बन्धि विधि, समय, ढुवानीको माध्यम सम्बन्धि आवस्यक मापदण्ड र प्रक्रिया विकास गरि लागु गरिनेछ ।

- दिसाजन्य लेदो रित्याउने र ढुवानी सम्बन्धि क्रियाकलापलाइ दिगो, भरपर्दो, गुणस्तरीय, वनाउन नगरपालिकाले न्यायोचित शुल्कलिई सेवा प्रदान गर्न निजिछेत्रलाइ प्रोत्साहन गरिनेछ ।

- दिसाजन्य लेदो रित्याउने र ढुवानी सम्बन्धि सेवा प्रदान गर्ने सेवा प्रदायकहरुलाइ नियमन गर्न लाइसेन्ससिङ्गको व्यवस्था गरिनेछ ।

**७.४ प्रशोधन**

**नीति**

दिसाजन्य लेदोको वैज्ञानिक, सुलभ र गुणस्तरीय व्यवस्थापनका निम्ति प्रशोधन सम्बन्धि व्यवस्था मिलाउने ।

**रणनीति तथा कार्यनीति**

- दिसाजन्य लेदो व्यवस्थापनको निम्ति नगरपालिकामा दिसा जन्य लेदो प्रशोधन सम्बन्धि आवस्यक व्यवस्था मिलाइनेछ ।

- प्रशोधन संयन्त्रको आवस्यकता अध्ययन गरि भौगोलिक, जनास्यन्खिक, आर्थिक, सामाजिक एवं प्राविधिक सम्भाव्यताका आधारमा प्रशोधन संयन्त्रको निर्माण गरिनेछ ।

- प्रशोधन संयन्त्र तथा विधि सम्वन्धि व्यवस्था गर्दा आवस्यकता अनुसार विकेन्द्रित, सामुदाइक एवं केन्द्रिय प्रशोधन संयन्त्र एवं विधि को व्यवस्था गरिनेछ ।

- प्रशोधन संयन्त्रको प्रयोग, मर्मतसंहार सम्वन्धि व्यवस्था गर्न मापदण्ड निर्धारण गरि लागु गरिनेछ ।

- प्रशोधन संयन्त्रको निर्माण एवं दिगो संचालन र प्रयोग गर्नको निम्ति आवस्यक पर्ने अन्य पूर्वाधारको विकास गरिनेछ।

- प्रशोधन संयन्त्रको निर्माण, दिगो संचालन र प्रयोग सुनिस्चित गर्न संघिय, प्रदेश सरकार, समुदाय, निजिछेत्र, बिकासका साझेदार, संघ सस्था, शैछिक सस्था, अनुसन्धान सस्था संग को सहकार्यलाइ प्राथमिकता दीइनेछ।

**७.५ विसर्जन तथा पुनः प्रयोग**

**नीति**

दिसाजन्य लेदोको प्रशोधन पश्चात निस्कासनहुने अवशेषको उचित विसर्जन तथा आवस्यकता अनुसार पुनः प्रयोग गरि चक्रिय अर्थतन्त्रको अवधारणालाइ अवलम्बन गर्दै निस्काशित अवशेषको उचित विसर्जन र पुनः प्रयोग गरिनेछ ।

**रणनीति तथा कार्यनीति**

- प्रशोधन पश्चातको दिसाजन्य लेदोको अवशेषको सुरक्षीत विसर्जनको व्यवस्था गरिनेछ ।

- उक्त अवशेषको पुनः प्रयोग जस्तै मल वनाउने, त्यसको वजारिकरन गर्ने सम्बन्धमा निजिछेत्र, घरधुरी, स्थानीय संघ संस्था, किशान समूह, आमा समूह, युवा क्लबलाइ प्रोत्साहनका कार्यक्रम गरिनेछ ।

**अन्तरसम्बन्धित विषय**

**७.६ लैंगिक तथा सामाजिक समावेशीकरण**

**नीति**

दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धि नीति निर्माण, सस्थागत संरचना तथा कार्यक्रम कार्यन्वयनका सम्पूर्ण चरणमा लैंगिक तथा सामाजिक समावेशीकरणका बिषयलाई मुलप्रवाहीकरण गर्दै समाबेशी, दिगो तथा न्यायपूर्ण दिसाजन्य लेदो व्यवस्थापन चक्रको व्यवस्था गरिनेछ ।

**रणनीति तथा कार्यनीति**

- दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रमा आवश्यक बिषयमा महिला, भूमिहीन, आदिबासी थारु, बालबालिका, बृद्ध, अपांगता भएका व्यक्ति, लगाएतका सवालहरु सम्बोधन गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रमा सबैको पहुच सुनिश्चित गर्ने लैंगिक, सामाजिक समबेसिता बिशिस्ठ तथ्यांक संकलन गरि त्यस्ता घरधुरी, समूह, एवं समुदायको पहिचान गरि लक्षित कार्यक्रमको विकास एवं कार्यन्वयन गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापनमा स्थानीय ज्ञान, शिप, तथा प्रबिधि को प्रयोगलाइ प्रोत्साहन गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धि सूचना तथा जानकारी सामाग्रीहरुमा सबैको पहुच पुग्ने गरि उपलब्ध गराइनेछ ।

**७.७ सस्थागत संरचना र सुशासन**

**नीति**

**रणनीति तथा कार्यनीति**

- दिसाजन्य लेदो व्यवस्थापन सेवा चक्रमा कार्यक्रम निर्माण एवं कार्यन्वयन गर्दा पारदर्शिता, जवाफदेहिता, जिम्मेवारिता एवं जनसहभागिता सुनिश्चित गरिनेछ ।

- स्थानीय सरकार, गैर सरकारी संस्था, बिकासका साझेदार संस्था, निजिछेत्र, स्थानीय जनसमुदाय एवं अन्य सरोकारवालाहरुसंगको सहकार्य र साझेदारी बडाउन आवस्यक ऐन, कानून, निर्देशिका, मापदण्ड तर्जुमा गरि लागु गरिनेछ ।

- योजना तर्जुमा, बजेट बिनियोजन तथा कार्यन्वयनमा सहजीकरण गर्न छमता अविव्रिधि गरिनेछ ।

- स्थानीय सेवा सुबिधा वडाउन आवस्यक उपाय अपनाइनेछ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धि कार्यक्रम कार्यन्वयन गर्दा हुन सक्ने अनियमितता रोक्न संयन्त्र श्रीजना गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापनमा आवस्यक सम्पूर्ण जानकारी, सूचना, नगरपालिकाको यौटै निकायवाट प्राप्त हुने व्यवस्ता मिलाइनेछ ।

- यस नीतिको उदेश्य हासिल गर्न स्थानीय, प्रदेश, संघिय सरकार, गैरसरकारी संस्था, बिकासका साझेदार, स्थानीय समुदाय, निजिछेत्र सबैका चासो, योजना, कार्यक्रम एकिकृत गर्ने गरि संयन्त्रको विकास गरिनेछ ।

- स्थानीय स्तरमा दिसा जन्य लेदो व्यवस्थापन सम्वन्धि नीतिगत एवं कार्यगत समन्वय गर्न एकिकृत सस्थागत संरचनाको व्यवस्था मिलाइनेछ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धमा विषयगत शाखा अन्तर्गत सम्पर्क विन्दुको व्यवस्था गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन, जनस्वास्थ्य, वातावरण, एवं अन्य सम्बन्धित बिषय सम्बन्धि अध्ययन, अनुसन्धान, प्रविधि विकासमा सहजीकरण गर्न शैछिक एवं अनुसन्धान संस्थासंग समन्वय गर्दै एउटा अनुसन्धान केन्द्रको स्थापना गरिनेछ।

**७.८ जनचेतना अविव्रिधि तथा छ्यमता विकास**

**नीति**

दिसाजन्य लेदोको उचित व्यवस्थापन नहुदा जनस्वास्थ्य, वातावरण, एवं समाजको सर्वाङ्गिन विकासमा पर्ने असर, जोखिम तथा त्यसको उचित व्यवस्थापनका बहुआयमिक फाइदाका सम्वन्धमा जनचेतना अविव्रिधि गर्दै दिसा जन्य लेदो व्यवस्थापनमा सबै सरोकारवालाहरुको छ्यमता विकास गरिनेछ ।

**रणनीति तथा कार्यनीति**

- दिसाजन्य लेदोले जनस्वास्थ्य, वातावरण तथा समाजको बिकासमा पार्ने नकारात्मक असरक सम्वन्धमा जनचेतना अविव्रिधिका कार्यक्रमहरु नगरपालिकाको वेबसाइट तथा संचार माध्यम बाट प्रसार गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि जनचेतना अविव्रिधि गर्न स्थानीय महिला समूह, सहकारी, गैरसरकारी संस्था, शैछिक संस्थाको सहभागितालाइ प्रोत्साहन गर्दै छ्यमता अविव्रिधि गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापनसंग सम्वन्धित आवस्यक तथ्यांक, सूचना, अभ्यास सहितका ज्ञानमूलक सामाग्रीहरु विकास र सम्प्रेसन गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि जनचेतना तथा छ्यमता अविव्रिधि गर्ने कार्यमा वडा कार्यालयहरुलाई आवस्यक निर्देशन तथा सहजीकरण गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि जनचेतना अविव्रिधि गर्ने कार्यमा स्थानीय युवा क्लब, युवा जनशक्तिको छ्यमता विकास गरि परिचालन गरिनेछ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि सूचना आदान प्रदान र छ्यमता विकास गर्ने सम्बन्धमा अन्य स्थानीय सरकार, प्रदेश तथा संघिय सरकारसंग सहकार्य एवं समन्वय गर्ने संयन्त्रको विकास गरिनेछ ।

**७.९ अनुसन्धान तथा प्रविधि विकास**

**नीति**

दिसाजन्य लेदो व्यवस्थापन संग सम्वन्धित अध्ययन, अनुसन्धान एवं प्रविधि विकासलाइ प्रोत्साहन गरिनेछ ।

**रणनीति तथा कार्यनीति**

- दिसाजन्य लेदोको जनस्वास्थ्य तथा वातावरणमा पार्ने नकारात्मक असरको सम्वन्धमा नियमित अध्ययन अनुसन्धान गरि उक्त अध्ययन अनुसन्धानका नतिजाहरुलाई निर्णय प्रक्रियामा समावेश गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापनका सेवा चक्रका हरेक चरणहरुको अध्ययन, तथ्यांक अध्यावधिक गर्ने कार्य नियमित गर्दै उक्त तथ्यांक निर्णय प्रक्रियामा समावेश गर्दै सोहि अनुरुप कार्यक्रम तर्जुमा एवं आवस्यकता अनुसार परिमार्जन गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि अध्ययन, अनुसन्धान, कार्यक्रम तथा क्रियाकलापहरुको बार्षिक प्रगति प्रतिवेदनमै समेटी अन्य आवस्यक प्रतिवेदनहरु तयार गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापनमा पूर्ण सरसफाईको अव्धराना अवधारणा अनुरुप यदि कुनै स्थानीय प्रविधि भएमा उक्त प्रविधिको विकास र प्रयोगलाई प्रवर्धन गर्दै आवस्यकता अनुसार विस्तार गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि परम्परागत तथा प्रकृतिमा आधारित प्रविधिहरुको विकास र प्रयोगलाइ प्रोत्साहन गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि अध्ययन अनुसन्धान तथा प्रविधिहरुको विकासमा निजिछेत्रको सहभागितालाइ प्रोत्साहन गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि अध्ययन अनुसन्धान एवं प्रविधि बिकासमा प्रदेश र संघिय सरकार संग समन्वय एवं सहकार्य गरिनेछ ।

### ७.१० वित्त व्यवस्थापन

**नीति**

दिसाजन्य लेदो व्यवस्थापन संग सम्वन्धित नीति तथा कार्यक्रमहरुको कार्यन्वयनका निम्ति नगरपालिकाको अन्तरिक श्रोतको पहिचान गर्नुका साथै यस सम्वन्धि प्रदेश र संघिय सरकार, निजिछेत्र, बिकासका साझेदार, स्थानीय, गैरसरकारी संस्थासंग पहुच बढाई प्राप्त श्रोतको न्यायोचित उपयोग तथा परिचालन गरिनेछ ।

**रणनीति तथा कार्यनीति**

- दिसाजन्य लेदो व्यवस्थापनलाइ आवस्यक बजेट विनियोजन सुनिश्चित गरि दिगो वित्तलाइ सस्थागत गरिनेछ ।

- वदलिदो संघिय साशन संरचना अनुरुप संघिय र प्रदेश तहमा स्थापना भएका संरचनाहरुसंगको समन्वयबाट वित्तिय स्रोत प्राप्ति तथा परिचालन गरिनेछ ।

- विकासका साझेदार संस्थाहरुलाई, संस्थागत सामाजिक उत्तरदायित्व मार्फत निजिछेत्रलाइ निजीस्तरको वित्त परिचालनलाइ प्रोत्साहन गरिनेछ ।

### ७.११ कानूनी व्यवस्था

यस नीतिले लिएका उदेश्य, लक्ष्य, नीति, रणनीति एवं कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयन गर्नको निम्ति नगरपालिकाका विध्यमान कानूनी व्यवस्थाहरुलाइ समय सापेक्ष्य रुपमा संसोधन, परिमार्जन एवं आवस्यकता अनुसार तर्जुमा गरिनेछ । कानूनी व्यवस्था अनुरुप नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमा गरि कार्यन्वयन गरिनेछ ।

**७.१२ अनुगमन तथा मुल्यांकन**

- यस नीतिको प्रवाभकारी कार्यन्वयन सम्बन्धमा नगरपालिका तथा अन्य सान्दर्भिक सरोकारवालाहरुको सहभागितामा आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गरिनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापनमा सबै सरोकारवालाहरुको उत्तरदाइत्व सुनिश्चित गर्न, सहभागिता बढाउन र सुचनामा सहज पहुच बढाउन हरेक सरोकारवाला हरुको उत्तरदाइत्व खाका निर्माण गरिनेछ ।

- नगरपालिकामा संचालन गरिने कुनै पनि दिसाजन्य लेदो व्यवस्थापन संग सम्बन्धित कार्यक्रम तर्जुमा तथा कार्यन्वयन गर्नु अगाडी सम्वन्धित संग संस्था ले नगरपालिकाको पुर्व स्वीकृति तथा सहमति लिनुपर्ने व्यवस्था बाध्यकारी बनाइनेछ ।

- दिसाजन्य लेदो व्यवस्थापन सम्वन्धि कार्यक्रमहरुको विवरण आवस्यकता अनुसार त्रैमासिक एवं बार्षिक रुपमा संकलन गरि नगरपालिकाले त्यसको एकीकृत अवस्था प्रतिवेदन मार्फत प्रकाशन गर्नेछ।

**७.१३ खारेजी र बचाउ**

यो नयाँ नीति हो ।